प्रेस विज्ञप्ती - १९४

**Press Release- 194**

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति २०७४।०५।१९ गते

# नियन्त्रित लागु औषध एम्पूलहरु सहित ३ जना मानिस पक्राउ ।

यस ब्यूरोबाट खटिएको बिषेश प्रहरी टोलीले मिति २०७४।०५।१६ गते १८:००बजे जिल्ला सिन्धुपाल्चोक भोटेकोशी न.पा.वडा नं.५ घर भई हाल का.जि.सितापाईला बस्ने बर्ष २९ को देवेन्द्र कार्की, जिल्ला उदयपुर त्रियुगा न.पा. वडा नं.५ घर भई हाल का.जि.कपन बस्ने बर्ष ३४ को पेम्बा शेर्पा र जिल्ला काभ्रेपलाञ्चोक तेमाल गाउपालिका वडा नं.८ घर भई हाल का.जि.का.म.न.वडा नं. ३२ बस्ने बर्ष २५ को बिक्रम तामाङ समेतलाई नियन्त्रित लागु औषध (Diazepam Injection IP) लेखेको ५१५ एम्पुल,(Buprenorphine Injection IP) (नुफिन) लेखेको ५१५ एम्पुल, फेनारागन लेखेको ५००एम्पुल, नाईट्राभेट २८ पिस सहित का.जि.का.म.न.पा.वडा नं.१४ बल्खु स्थितबाट पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण ) ऐन २०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध।

**पुनश्च** : निज देवेन्द्र कार्कीलाई २०६८ साल चैत्र महिनामा यसै ब्यूरोबाट नियन्त्रित लागु औषध कारोबारमा पक्राउ गरी सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित अदालतमा पेश गरेको ला.औ.मुद्धामा सम्मानित अदालतबाट निज उपर ५ बर्ष कैद तिन लाख जरिवान फैसला भएकोमा निज उक्त कैद भूक्तान तथा जरिवाना तिरी २०७३ मंसिर महिनामा छुटेका पटके अभियूक्त पनि हुन। निजको सम्बन्धमा अन्य थप अनुसन्धान कार्य भईरहेको।

●●●



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com